# महिला विरुद्धको हिंसा न्यूनीकरणको लागि कानूनी अधिकार सम्बन्धी

# जानकारी पुस्तिका



# महिला विरुद्धको हिंसा न्यूनीकरणको लागि कानूनी अधिकार सम्बन्धी

# जानकारी पुस्तिका



अंक : २८

संस्करण : प्रथम

प्रकाशक : कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)
मानभवन, ललितपुर

प्रकाशक संख्या : ५००

© कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) २०७७

सहयोगी :
संस्थागत सुधार मार्फत
न्यायमा पहुँच अभिवृद्धि परियोजना

डिजाईन : **कम्प्यूटर लग**
पुल्चोक, ललितपुर । फोन: ९८५११३४९७७


# प्राक्कथन

महिलाहरु आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक रुपमा पछाडी परेका कारणले दिनानुदिन हिंसाका शिकार भैरहेका छन् । कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) ले आफनो स्थापनाकाल देखीनै महिलाको न्यायमा सहज पहुच अभिवृद्धिका लागी निशुल्क कानूनी सहायता लगायतका बिभिन्न कार्यक्रमहरु गर्दै आएको छ। विभिन्न प्रयासको वावजुद पनि महिलाको हक अधिकार तथा महिला विरुद्ध हुने हिंसा नियन्त्रणका लागि भएका कानूनी व्यवस्थाहरुका वारेमा जनमानसमा कम जानकारी भएकोले गर्दा न्यायमा पहुच पुग्न सकेको छैन । तसर्थ महिलाको कानूनी अधिकारको बारेमा सबैलाई जानकारी गराउनु अति आवश्यक भएको छ। नेपालको संविधान २०७२, मुलुकी देवानी संहिता र फौजदारी अपराध संहिता २०७४ तथा अन्य केही ऐनहरुले समेत महिला अधिकारलाई सम्बोधन गरेको हुदा सोको सम्बन्धमा जानकारी गराउने उदेश्यले सामान्य जानकारी पुस्तिका प्रश्नोत्तरको रुपमा प्रकाशित गरेको छ। यस पुस्तिकाले लैङ्गिक सवालहरु समेटी राष्ट्रिय कानूनहरुका महत्वपूर्ण प्रावधानहरुलाई एकिकृत गर्ने प्रयास गरिएको छ । यो पुस्तिका महिला अधिकारका क्षेत्रमा कार्यरत कानून व्यवसायी, संघ संस्थाका प्रतिनिधी तथा सेवा लिन आउनु हुने सेवाग्राही विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु समेतका लागी समेत लाभदायक रहने छ । अन्त्यमा, प्राविधिक सहयोग दिनुहुने तथा आर्थिक सहयोग दिनुहुने यु एन डि पी, संस्थागत सुधार मार्फत न्यायमा पहुच अभिवृद्धि परियोजना र यो पुस्तिका तयार पार्ने कार्यमा संलग्न कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) का बरिष्ठ अधिकृत अधिवक्ता पुण्यशिला दवाडी प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। यस प्रकाशनबाट संविधान, नयाँ संहिता तथा अन्य ऐनहरुको बारेमा सुसुचित भई महिला अधिकार, महिला हिंसा नियन्त्रणमा नया आयाम थपिने छ भन्ने विश्वास लिएको छु।

*अनिता न्यौपाने थपलिया*
*कार्यकारी अध्यक्ष*

# विषयसूची


१. विवाह ..... ५
२. बालविवाह ..... ९
३. बहुविवाह ..... १२
४. हाडनाता विवाह ..... १६
५. सम्बन्ध विच्छेद ..... १७
६. महिलाको सम्पत्ति सम्बन्धी अधिकार ..... २२
७. जबर्जस्ती करणी (बलात्कार) ..... २९
८. हाडनाता करणी ..... ३२
९. यौन सम्बन्धी अन्य कसुरहरू ..... ३६
१०. छाउपडी ..... ४१
११. गाली बेईज्जती ..... ४२
१२. विवाहमा लेनदेन (दाईजो तिलक) विरूद्धको व्यवस्था ..... ४४
१३. तेजाब फ्याल्ने कसूर सम्बन्धी कानून ..... ४५
१४. अपमानजनक वा अमानविय व्यवहार सम्बन्धी कसूर ..... ४७
१५. बोक्सीको आरोप विरूद्धको कसूर ..... ४८



# विवाह

**विवाह भनेको के हो ?**

कुनै पुरुष र महिलाबीच दाम्पत्य तथा पारिवारीक जीवन प्रारम्भ गर्नको लागि कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति-पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिन्छ । यस्तो विवाह स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानुनी बन्धन हो । प्रत्येक व्यक्तिलाई कानूनको अधिनमा रहि विवाह गर्ने, परिवार कायम गर्ने तथा पारिवारीक जीवनयापन गर्ने स्वतन्त्रता हुनेछ ।

नोटः विवाह जुनसुकै किसिमबाट भएको भएतापनि त्यस्तो विवाह सार्वजनिक गर्नु वा गराउनु पर्नेछ अर्थात् विवाह भएको पति-पत्नी बाहेक अन्य व्यक्तिले पनि थाहा पाउनु पर्छ ।

**के कस्तो अवस्थामा महिला र पुरुषबीच विवाह हुन सक्छ ?**

क) पुरुष र महिलाले एक अर्कालाई पति-पत्नीको रूपमा स्वीकार गर्न मञ्जुर गरेमा,

ख) कानून बमोजिम पुरुष र महिला हाडनाता करणीमा सजायँ हुने नाताको नभएमा,

ग) पुरुष र महिला दुवैको वैवाहिक सम्बन्ध कायम रहेको अवस्था नरहेमा,

घ) बीस वर्ष उमेर पूरा भएमा ।

ङ) आफ्नोजातिय समुदाय वा कुलमा चलि आएकोचलन अनुसार विवाह गर्न हुनेनाता सम्बन्धमा विवाह गर्न हुन्छ ।

विवाह गर्ने व्यक्तिहरुको मन्जुरीबिना विवाह गराएमा के हुन्छ ?

विवाह गर्ने व्यक्तिहरुको मन्जुरीबिना कसैले कसैको विवाह गर्न गराउन हुँदैन । विवाह गर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मन्जुरीलाई मन्जुरी मानिने छैन । यसरी मन्जुरीबिना गराईएको विवाह बदर हुन्छ ।

*सजायँः मन्जुरीबिना विवाहको कसूर गर्ने गराउने व्यक्तिलाई दुई बर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।*

**कस्तो विवाह स्वतः वदर हुन्छ ?**

क) पुरुष वा महिलाको मञ्जुरी नभई भएको विवाह,

ख) हाडनाता करणीमा सजायँ हुने नाताका व्यक्तिहरूबीच भएको विवाह ।

ग) बीस वर्ष उमेर पूरा नभइ गरिएको विवाह

घ) कानून बमोजिम अंशवण्डा गरी भिन्न भएको अवस्थामा बाहेक विवाहित पुरुष वा महिलाले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा गरेको अर्को विवाह

**यो पनि थाहा पाई राखौं**

आफ्नो जातिय समुदाय वा कुलमा चलिआएको चलन अनुसार विवाह गर्नहुने नाता सम्बन्धमा विवाह गर्नहुन्छ ।

**कस्तो विवाह वदर गराउन सकिन्छ ?**

झुक्याई विवाह गरे वा गराएमा, तर, विवाहको परिणाम स्वरूप कुनै महिला गर्भवती भएमा वा निजबाट शिशु जन्मिएमा निजको मञ्जुरी भएमा मात्र विवाह बदर हुन सक्नेछ ।

**विवाह दर्ता कहाँ कसले गराउन सक्छ ?**

पति तथा पत्नीले आफ्नो स्थानिय वडा कार्यालयमा रहेका पंजिकाधिकारी कहाँ निवेदन दिई विवाह दर्ता गराउनु पर्नेछ । पति र पत्नी दुवैले वा कुनै एक जनाले पनि विवाह दर्ता गराउन निवेदन दिन सक्नेछ । यदि नेपाल बाहिर बसोबास गरेका पति तथा पत्नी छन् भने आफू रहे बसेको मुलुकमा रहेको नेपालको

राजदूतावास वा महावाणिज्य दूतावासमा विवाह दर्ताको लागि निवेदन दिन सक्ने छन् ।

**विवाहपछि महिलाले कुन थर प्रयोग गर्नुपर्दछ ?**

महिलाले विवाहपछि बाबु वा आमाले प्रयोग गरेको थर वा निजको पतिको थर वा दुवै थर प्रयोग गर्न सक्नेछिन् । यदि विवाहिता महिलाको थरको सम्बन्धमा कुनै प्रश्न उठेमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले आफ्नो पतिको थर प्रयोग गरेको मानिनेछ । पतिको थर प्रयोग गरेकी महिलाको सम्बन्ध बिच्छेद भएमा निजले चाहेमा निजको बाबु वा आमाले प्रयोग गरेको थर प्रयोग गर्न सक्नेछिन् ।

**कस्तो अवस्थामा वैवाहिक सम्बन्ध अन्त्य भएको मानिन्छ ?**

क) विवाह बदर भएमा,

ख) कानून बमोजिम पति-पत्नीको सम्बन्ध बिच्छेद भएमा,

ग) पत्नीले कानून बमोजिम सम्बन्ध बिच्छेद नहुँदै अर्को विवाह गरेमा ।



# बालविवाह

## बालविवाह भनेको के हो ?

कानूनले विवाह गर्न मिल्ने भनेर तोकेको उमेर भन्दा कम उमेरमा गरिने विवाह बालविवाह हो । कानूनले तोकेको उमेर अर्थात् २० वर्ष पूरा गरेपछि मात्र विवाह गर्नु पर्दछ । २० बर्ष भन्दा कम उमेरका केटा र केटीलाई विवाह गरिदिएमा त्यसलाई बालविवाह मानिन्छ । यसलाई कानूनले अपराध मानेकोछ । कानूनले केटा र केटीको संरक्षकको मन्जुरी भए पनि नभए पनि २० बर्ष पूरा हुनुपर्छ । कानूनले तोकेको उमेर नपुगेसम्म विवाह गर्न गराउन हुँदैन ।

## उजुरी गर्ने निकाय

बालविवाहको उजुरी नजिकैको प्रहरी कार्यालयमा दिनुपर्छ ।

## सजायँ

बालविवाह गर्ने गराउने कसूर गर्ने व्यक्तिलाई तीन बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।

## यो पनि थाहापाई राखौं वाल विवाह गरी वच्चा जन्मिएमा विवाहको स्थिती र वच्चाको अधिकार के हुन्छ ?

- विवाहको परिणाम स्वरूप कुनै महिला गर्भवती भएमा वा निजबाट शिशु जन्मिएमा निजको मञ्जुरी भएमा मात्र विवाह बदर हुन सक्नेछ ।
- २० बर्ष नपुगी केटा र केटीले विवाह गरेको रहेछ र सन्तान जन्मेको रहेछ भने त्यस्तो सन्तानले बाबु-आमाबाट अंश पाउनेछन् ।

## वालविवाहको उजुरी कति समय भित्र गर्नु पर्छ र कसले उजुरी दिनु पर्छ?

बालविवाहमा थाहा पाएको मितिले तीन महिनाभित्र उजुरी गर्नुपर्दछ र थाहा पाउने जो सुकैले पनि उजुरी गर्न सक्छन् ।

## झुक्याई गरिने विवाह

विवाह गर्दा केटा र केटीबीच जे-जस्तो अवस्था छ, त्यसको बारेमा एक पक्षले अर्को पक्षलाई जानकारी दिएर मात्र विवाह गर्नु पर्दछ । त्यसरी जानकारी नदिई लुकाई-छिपाई विवाह गरिदिन्छन् भने त्यसलाई झुक्याई गरिने विवाह भनिन्छ । साथै विवाह गर्दा केटा र केटीबीच सहमति भई मन्जुरीले विवाह गरिनु पर्दछ ।

## कस्तो अवस्थाको व्यक्तिसँग झुक्याई विवाह गरेमा विवाह बदर गराउन सकिन्छ ?

क) शरीरमा मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्ने जीवाणु (एच.आई.भी) वा हेपाटाइटिस बी रहेको वा यस्तै प्रकृतिका निको नहुने कडा रोग लागेको,

ख) यौनाङ्ग नभएको, नपुङ्सक भएको वा सन्तान उत्पादन गर्ने क्षमता नभएको प्रमाणित भैसकेको,

ग) पूर्ण रूपमा बोल्न वा सुन्न नसक्ने, पूर्ण रूपमा दृष्टिविहीन वा कुष्ठरोगी भएको,

घ) होश ठेगानमा नरहेको,

ङ) विवाह भैसकेको,

च) गर्भवती भएको,

छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी अदालतबाट सजाय पाएको ।

## झुक्याई विवाह गराएमा के हुन्छ ?


झुक्याई विवाह गरेको कारणबाट मर्का पर्ने व्यक्तिले त्यस्तो विवाह बदर गराउन र झुक्याई विवाह गर्ने वा गराउनेबाट मनासिव क्षतिपूर्ति दाबी गर्न सक्नेछ ।

## उजुरी गर्ने निकाय

झुक्याई गरिएको विवाह बदरको लागि जिल्ला अदालतमा फिराद दिनुपर्दछ ।

## हदम्याद

झुक्याई गरिएको विवाह बदरको लागि विवाह गरेको मितिले ३ महिनाभित्र उजुर गर्नुपर्छ । ■



# बहुविवाह

**बहुविवाह भनेको के हो ?**

विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्न हुँदैन । विवाहित पुरुषले श्रीमती हुँदा-हुँदै अर्की श्रीमती ल्याएमा वा राखेमा यसलाई बहुविवाह भनिन्छ । कुनै पुरुष विवाहित हो भनी जानी-जानी त्यस्तो पुरुषसँग कुनै महिलाले विवाह गर्नु हुँदैन ।

**बहुविवाह गरेमा के-कति सजाय हुन्छ ?**

बहुविवाह गर्ने वा गराउने व्यक्तिलाई एक बर्षदेखि पाँच बर्षसम्म कैद र दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ। तर यो ऐन लागू हुनुअघि तत्काल प्रचलित कानून बमोजिम भएको विवाहको हकमा कुनै कुराले असर गरेको मानिने छैन।

**कुन अवस्थामा कानुनी रुपले पून: विवाह गर्न सक्दछ ?**

क) पति-पत्नीबीच सम्बन्ध बिच्छेद गरी वैवाहिक सम्बन्ध अन्त्य भएमा,

ख) पति वा पत्नीको मृत्यु भएमा,

ग) पति वा पत्नीले कानून बमोजिम अंशबण्डा गरी भिन्न भएमा।

**श्रीमतीले अर्को विवाह गरी पहिलो श्रीमान्को धनमाल लिएर गएमा के हुन्छ ?**

कसैले अर्काको श्रीमतीलाई विवाह गरी निजको धनमाल समेत लगेकोमा वा कुनै महिलाले अर्को विवाह गरेर जाँदा आफूले लगाएको वा प्रयोग गर्ने गरेको लत्ताकपडा वा आफ्नो दाइजो, पेवा वा निजी आर्जन बाहेक पहिलो लोग्नेको धनमाल समेत लगेमा त्यसरी लग्न नपाउने धनमालको हकमा निजको पहिलो लोग्ने र निज मरेमा वा विदेश गएकोमा निजको हकदारले फिर्ता लिन पाउँछ।

**बहुविवाहको अपराधमा कसले उजुरी गर्ने ?**

यस्तो अपराधमा पीडित श्रीमती आफैंले, छरछिमेक आफन्त जो-सुकैले पनि उजुरी दिन सक्दछन् । यस्तो उजुरीलाई जाहेरी दरखास्त भनिन्छ ।

**बहुविवाहको अपराधमा कहाँ उजुरी दिनु पर्दछ ?**

बहुविवाहको उजुरी आफू बसोबास गरेको ठाउँ नजिकको प्रहरी चौकीमा दिनुपर्दछ ।

**बहुविवाहको अपराधमा कहिलेसम्ममा उजुरी गर्न सकिन्छ ?**

बहुविवाहको अपराधमा भए गरेको कुरा थाहा पाएको मितिले तीन महिना सम्ममा उजुरी गर्नुपर्ने हुन्छ । उक्त हदम्याद नाघेपछि उजुर लाग्ने छैन ।

**के बहुविवाह बदर गर्न सकिन्छ ?**

बहु विवाह स्वतः बदर हुनेछ ।

**के दोस्री श्रीमतीले अंश पाउन सक्छिन् ?**

दोस्रो श्रीमतीले श्रीमान्‌को सम्पत्तिबाट अंश पाउन सक्दिनन् ।

**बहुविवाहपछि के परिणाम हुनसक्दछ ?**

१) बहुविवाह गर्नेलाई सजाय गराउन सकिन्छ ।

२) पतिसँग सम्बन्ध बिच्छेद गर्न सकिन्छ ।

३) पतिबाट अंश लिई भिन्न बस्न सकिन्छ ।

४) दोस्रो विवाह बदर गराउन सकिन्छ ।

**बहुविवाहको परिणाम स्वरुप बच्चा जन्मिएमा परिणाम के हुनसक्दछ ?**

बहुविवाह स्वतः वदर भएपनि त्यस्तो विवाहबाट जन्मिएको शिशुको कानून बमोजिमको हकमा कुनै असर पर्ने छैन । उसले आमा-बाबुबाट अंश प्राप्त गर्नेछ भने जन्म दर्ता तथा नागरिकताको हक समेत सुरक्षित हुनेछ ।

**यो पनि थाहा पाइराख्नुस्:**

- पत्नीले छोरी-छोरी मात्रै जन्माएको अवस्थामा पुरुषले छोरो पाउन बहुविवाह गर्ने गरेका उदाहरण पनि छन् । तर छोरो र छोरी जन्माउने कुरा महिलामा नभएर पुरुषमा निर्भर गर्ने कुरा हो । यसमा महिलाको कुनै भूमिका हुँदैन तथा छोरी पाएको भनेर दोश्रो विवाह गर्न पाईंदैन ।
- सन्तान नभएको निहुँमा पनि पुरुषहरुले पनि बहुविवाह गर्ने गरेको पाइन्छ । तर सन्तान नहुनाको कारण पुरुष वा महिला कसैमा पनि रहेको त्रुटि हुन सक्दछ । यसको राम्रो जाँच गराएर उपचार गर्न सकिन्छ । तर सन्तान भएन भनेर दोस्रो विवाह गर्न पाईंदैन ।
- पत्नीमा रहेका प्रजनन् स्वास्थ्य समस्याका कारण यौन असन्तुष्टिवश पुरुषले बहुविवाह गरेका पनि पाइन्छन् । राम्ररी जँचाएर र सल्लाह अनुसारको उपचार गराएमा यौन सम्बन्धी यस्ता समस्याहरु सुल्झिन सक्छन् ।

# हाडनाता विवाह

**हाडनातामा हुने विवाह भनेको के हो ?**


आफ्नो जातिय समुदाय वा कुलमा चलिआएको चलनअनुसार विवाह गर्नहुने नाता सम्बन्धमा बाहेक हाडनाता करणीमा सजाय हुने नातामा विवाह गरिएमा त्यसलाई हाडनातामा हुने विवाह भनिन्छ । हाडनातामा विवाह गर्न गराउन हुँदैन ।

**हाडनातामा विवाह भएमा के हुन्छ ?**

थाहा पाएर वा नपाईं जुनसुकै तवरबाट भएपनि हाडनातामा विवाह भएको रहेछ भने यस्तो विवाह स्वतः वदर हुन्छ ।

**सजाय**

हाडनाताको विवाह जानीजानी भएको रहेछ भने त्यस्तो विवाह गर्नेलाई हाडनाता करणीको कसूर गरेको मानिन्छ र गराउनेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । ■



# सम्बन्ध बिच्छेद

**सम्बन्ध बिच्छेद भनेको के हो ?**
सम्बन्ध बिच्छेद भनेको पति-पत्नीबीचको वैवाहिक सम्बन्धलाई कानून बमोजिम बिच्छेद गरिनु हो । यसलाई बोलचालको भाषामा छोडपत्र वा पारपाचुके पनि भनिन्छ । पति-पत्नी दुवैले चाहेमा जहिलेसुकै पनि सम्बन्ध बिच्छेद गर्न सक्नेछन् ।

**सम्बन्ध बिच्छेदपछि महिलाले प्राप्त गर्ने कानुनी अधिकारहरु :**
पति-पत्नीबीच पतिको कारणबाट सम्बन्ध बिच्छेद हुने भएमा पत्नीले माग गरेमा अंशवण्डा गरेर मात्रै सम्बन्ध बिच्छेद गर्न सकिन्छ । यसरी अंश लिई सकेपछि महिलाले अर्को विवाह गरेमा अंश वापत पाएको सम्पत्ति सम्बन्ध बिच्छेद गरेका श्रीमान्लाई

फर्काउनु पर्दैन र अंश वापत प्राप्त चल-अचल सम्पत्ति महिलाले आफूखुशी गर्न सक्छिन् । तर सम्बन्ध बिच्छेद भएकी महिलाको मृत्यु भएमा निजको सम्पत्ति निजका छोराछोरीले र छोराछोरी नभए पूर्व पतिबाट पाएको सम्पत्ति त्यस्ता पतिले र अन्य सम्पत्ति माईतीपट्टीका हकवालाले पाउने छन् ।

सम्बन्ध बिच्छेद गर्ने पत्नीले पतिसँग अंश नलिई एकमुष्ठ रकम वार्षिक वा मासिक रुपमा खर्च भराई लिन चाहेमा अदालतले पतिको सम्पत्ति वा आम्दानीको आधारमा एकमुष्ठ वा वार्षिक वा मासिक खर्च अदालतले भराई दिन सक्दछ । त्यस्ती पत्नीले अर्को विवाह गरेमा त्यस्तो खर्च दिनुपर्ने छैन ।

सम्बन्ध बिच्छेद गर्दा अंश पाउनुपर्ने पत्नीले पतिको सम्पति नभएको कारणले अंश नपाएमा पत्नीले त्यस्तो पतिबाट खानलाउन खर्च भराउन चाहेमा र पतिको आम्दानी भएमा अदालतले त्यस्ती पत्नीलाई सम्बन्ध बिच्छेद भएको पतिको आम्दानीको आधारमा खानलाउने खर्च भराई दिन सक्नेछ तर त्यस्ती पत्नीले अर्को विवाह गरेमा वा पतिकोभन्दा बढि आम्दानी भएमा त्यस्तो खर्च दिनुपर्ने छैन ।

**सम्बन्ध बिच्छेद गर्दा महिलाले कस्तो अवस्थामा अंश तथा खर्च भराउन पाउँदिनन् ?**

क) पतिले अर्को विवाह गरेमा,

ख) पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा,

ग) पतिले पत्नीलाई जबर्जस्ती करणी गरेको ठहरेमा ।

**पुरुषले कहिले सम्बन्ध बिच्छेद गर्न सक्दछ ?**

क) कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति-पत्नी भिन्न बसेको अवस्थामा बाहेक पत्नीले पतिको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,

ख) पत्नीले पतिलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,

ग) पत्नीले पतिको अङ्ग-भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल-प्रपञ्च गरेमा,

घ) पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा ।

**सम्बन्ध बिच्छेदपछि छोराछोरी कोसँग बस्न पाउँछन् ?**

१. पाँच बर्ष उमेर पूरा नभएको नाबालक सन्तान छ भने आमाले अर्को विवाह गरेको भए वा नभएपनि आफूसँग राख्न चाहेमा आमाले राख्न सक्छिन् ।

२. पाँच बर्षभन्दा माथिको नाबालक सन्तान छ भने आमाले अर्को विवाह गरेकोमा बाहेक आफूसँग राख्न चाहेमा आमाले राख्न सक्छिन् ।

३. अन्य अवस्थामा बाबुको जिम्मामा रहनेछ ।

४. आमा-बाबु दुवैको सहमति भएमा सहमति बमोजिम गर्न पनि सक्नेछन् ।

५. दश बर्ष उमेर पूरा भएका नाबालकको सम्बन्धमा निर्णय लिंदा सम्बन्धित नाबालकको समेत राय लिन सकिन्छ ।

६. आमा वा बाबुमध्ये कुनैको जिम्मामा नाबालक रहेकोमा त्यसरी जिम्मा लिने व्यक्तिको मृत्यु भएमा जिवित रहेका आमा वा बावुले अविलम्व त्यस्तो नावालक आफ्नो जिम्मामा

लिनु पर्नेछ । तर अर्को विवाह गरिसकेकोमा पाँच बर्ष पूरा भएको नाबालक जिम्मा लिन कर लाग्ने छैन ।

७. पति-पत्नी भिन्न भएमा निजको कुनै नाबालक भएमा त्यस्तो नाबालकको पालन-पोषण शिक्षा तथा उपचारको व्यवस्था सहमति भए सहमति बमोजिम सहमति नभएमा
   क. पाँच बर्ष पूरा नभएको नाबालक भए आमाको जिम्मा,
   ख. पाँच बर्ष माथि दश बर्ष पूरा नभएको भए बाबुको जिम्मा,
   ग. दश बर्ष पूरा गरेको नाबालक भए निजले जोसँग मन्जुर गरेको छ निजको जिम्मा ।

८. तर नाबालकको जिम्मा लिने आमा वा बाबुभन्दा नलिने आमा वा बाबुको आम्दानी बढी रहेछ भने सहमति भए सहमति बमोजिम वा सहमति नभए अदालतले तोके बमोजिम खर्च नाबालकलाई उपलब्ध गराउनु पर्नेछ ।

९. बच्चा जसको संरक्षणमा रहने भएता पनि दुवैले (आमा-बाबु) बच्चालाई भेटघाट गर्ने सुविधा पाउँदछन् ।

१०. नाबालकको हितमा निर्णय गर्नुपर्ने विषयमा विवाद भएमा बच्चा जसको संरक्षणमा रहेको छ निजले नै निर्णय गर्न पाउनेछ ।


**यदि सम्बन्ध बिच्छेदपछि बच्चा जन्मेमा के हुन्छ ?**

- यदि सम्बन्ध बिच्छेद भएको २७२ दिनभित्र बच्चा जन्मेमा यन्यथा प्रमाणित नभएसम्म सो बच्चा सम्बन्ध बिच्छेद भएकै श्रीमान्को मानिन्छ ।
- सम्बन्ध बिच्छेदको मुद्दा दर्ता गर्दा महिला आफू गर्भवती भए-नभएको कुरा फिरादमा उल्लेख गर्नुपर्दछ ।

**सम्बन्ध बिच्छेदको निम्ति उजुर गर्न कहाँ जानु पर्दछ ?**
सम्बन्ध बिच्छेदको लागि पति वा पत्नीले अदालतमा निवेदन दिनु पर्नेछ । यसरी अदालतमा निवेदन परेपछि अदालतले दुवै पक्षलाई भरसक सम्झाई-बुझाई मेलमिलाप गराउनु पर्नेछ । मेलमिलाप गराउन नसकेमा र विवाह कायम राख्नुभन्दा सम्बन्ध बिच्छेद हुन उपयुक्त देखेमा अदालतले निजहरूको सम्बन्ध बिच्छेद गरिदिनु पर्नेछ । निवेदन परेको एक वर्षपछि अदालतले सम्बन्ध बिच्छेद गराई दिनुपर्नेछ । तर सम्बन्ध बिच्छेदका लागि दुवैपक्षको मञ्जुरी भएमा यसलाई छिटो र छरितो बनाउन व्यवहारमा पहिला पति वा पत्नी मध्ये एकजनाले सम्बन्धित जिल्ला अदालतमा निवेदन दिने र दोस्रो पक्षको तर्फबाट तुरुन्त म्याद बुझी प्रतिउत्तर दिई दुवै पक्षको उपस्थितिमा दुवै पक्षको मंजुरीबाट केही दिन मै सम्बन्ध बिच्छेद गर्ने गरिन्छ ।

**यो पनि थाहा पाइराख्नोस् :**
हुन त पति-पत्नीसँग आ–आफ्नो स्वःनिर्णयमा सम्बन्ध बिच्छेद गर्ने कानुनी अधिकार हुन्छ, तर सम्बन्ध बिच्छेदपछि प्रायः पत्नीको सामाजिक, आर्थिक जीवन धेरै कष्टकर हुने गरेको सन्दर्भमा विवाह गर्नुभन्दा अघि नै विवाहपछि आइपर्ने समस्याहरुको सामना गर्न सक्ने भएर मात्रै विवाह गर्नु उचित हुन्छ ।

आफ्ना छोराछोरीहरुलाई स्वस्थ, शिक्षित र आत्मनिर्भर बनाएर हुर्काउने दायित्व सबै अभिभावकको हुने गर्दछ । त्यसैले आफ्ना छोराछोरीहरुलाई राम्ररी पढाएर र उमेर पुगेर मात्रै विवाह गरिदिनु पर्दछ ।



# महिलाको सम्पत्ति सम्बन्धी अधिकार

**सम्पत्ति भनेको के हो ?**

उपभोग गर्न खरिद, बिक्री वा अन्य तवरले हक हस्तान्तरण वा कारोबार गर्न वा कुनै लाभ प्राप्त गर्न सकिने कुनै नगद वस्तु वा कार्यलाई सम्पत्ति भनिन्छ ।

**सम्पत्ति कति प्रकारका हुन्छन् ?**

**क) चल सम्पत्ति**

सजिलै एक ठाउँबाट अर्को ठाउँमा लान, चलन चलाउन, लेनदेन गर्न सकिने सम्पत्तिलाई चल सम्पत्ति भनिन्छ । जस्तैः नगद वा नगदसरह कारोबार हुने वस्तु वा विदेशी

मुद्रा, सुन चाँदी, जवाहरत, रत्न, गर-गहना, ऋणपत्र, धितोपत्र, विनिमयपत्र, प्रतितपत्र त्यसबाट प्राप्त हुने लाभ, बौद्धिक सम्पत्ति, व्यापारिक ख्याति वा फ्रन्चाईज आदि ।

ख) **अचल सम्पत्ति**

भौतिक स्वरुप परिवर्तन नगरी जस्ताको तस्तै एक-ठाउँबाट अर्को ठाउँमा लान नसकिने, लिनुदिनु वा स्वामित्व हस्तान्तरण गर्नु परेमा कानुनी प्रावधान पूरा गर्नुपर्ने सम्पत्तिलाई अचल सम्पत्ति भनिन्छ । जस्तै: जग्गा, जमिन, जमिनसँग जोडिएको संरचना, खानी, ढुंगा खनिज, पानी नदी ताल-तलैया, रुख-विरुवा, फलफुलका बोट आदि ।

**महिलालाई कहिलेदेखि सम्पत्तिमा अधिकार प्राप्त हुन्छ ?**

महिलालाई जन्मैदेखि पैतृक सम्पत्तिमा अंश हक अधिकार प्राप्त हुन्छ र विवाहको आधारमा महिलालाई सम्पत्तिमा विभेद गर्न पाईदैन । महिलाको विवाह हुने बित्तिकैदेखि निजको श्रीमान्‌बाट पनि अशं हक प्राप्त हुन्छ ।

**कस्तो सम्पत्ति महिलाका एकलौटी हक लाग्ने निजी सम्पत्ति हो?**

कुनै व्यक्तिले आफूले आर्जन गरी आफ्नो नाममा रहेका र त्यसबाट बढे-बढाएका निम्न प्रकारका सम्पत्तिलाई निजी सम्पत्ति भनिन्छ । निजी सम्पत्तिमा महिलाको एकलौटी हक हुन्छ र आफूखुशी गर्न पाउँछ ।

क. आफ्नो ज्ञान शीप वा प्रयासबाट आर्जन गरेको सम्पत्ति

ख. दान, बकस वा अपुताली स्वरुप प्राप्त गरेको,

ग. चिठ्ठा उपहार स्वरुप प्राप्त गरेको,

घ. पारिश्रमिक, उपदान, निवृत्तिभरण, उपचार खर्च, सञ्चयकोष, बीमा वा अन्य सामाजिक सुरक्षा बापत प्राप्त गरेको रकम,

ङ. बौद्धिक सम्पत्ति वा रोयल्टी स्वरुप प्राप्त गरेको रकम,

च. मानो छुट्टिई पाएको वा आफ्नो खति-उपति गरी कमाएको,

छ. महिलाले विवाहपूर्व कमाएको वा विवाहको समयमा प्राप्त गरेको र बढे बढाएको,

ज. महिलालाई पति वा पतितर्फका सबै अंशियारहरुको मन्जुरीले एकलौटी हुने गरी लिखत गरिदिएको, वा दिएको चल-अचल सम्पत्ति र सोबाट बढे-बढाएको,

झ. कानून बमोजिम कुनै व्यक्तिको निजी सम्पत्ति मात्रै उल्लेख गरेको ।

**कस्तो सम्पत्तिबाट महिलाले अंश हक प्राप्त गर्दछिन् ?**

संगोलको सम्पत्ति र सोबाट बढे-बढाएको सम्पत्ति अंशियारहरु मध्ये जो-सुकैको नाममा रहेपनि सगोलको सम्पत्ति मानिन्छ । निम्न बमोजिमको सगोलको सम्पत्तिबाट महिलालाई अंश हक प्राप्त हुन्छ ।

क. पुर्ख्यौलीबाट प्राप्त सम्पत्ति

ख. निजी बाहेकको अंशियारका नाममा रहेको अन्य सम्पत्ति

ग. अंशियारले संगोलको खेती, उद्योग, व्यापार, व्यवसायबाट आर्जन गरेको वा सोबाट बढे-बढाएको सम्पत्ति ।

यो पनि थाहापाईं राखौं

रु	कानून बमोजिम भिन्न भएकोमा बाहेक पति वा पत्नीले कमाएको वा त्यसबाट बढे-बढाएको सम्पत्ति पति-पत्नीको सगोलको सम्पत्ति मानिनेछ ।

रु	बाबुआमाले आर्जन गरेको सम्पत्ति समेत छोराछोरीको लागि सगोलको सम्पत्ति मानिन्छ ।

**महिलाले अंश कस्तो अवस्थामा प्राप्त गर्न सक्छिन् ?**

महिलाले अंश निम्न अवस्थामा प्राप्त गर्न सक्छिन् ।

१. **छोरीको अवस्था,**

२. **विवाहिता श्रीमतीको अवस्था,**

३. **एकल (श्रीमान्को मृत्यु पश्चात्) महिलाको अवस्था र**

४. **सम्बन्ध बिच्छेद गर्दाको अवस्थामा ।**

१. **छोरीको अवस्था :**

पैतृक सम्पत्तिमा छोरीको जन्मसिद्ध अधिकार हुन्छ, जुन जन्मनासाथ प्राप्त हुन्छ । विवाहको आधारमा छोरीलाई अंशहकबाट बञ्चित गर्न मिल्दैन । विवाहित छोरीले अंश माग्दा छोरीको विवाह भएको दिनलाई मानो छुट्टिएको मिति मानिन्छ । छोरीले अंश वापत पाएको चल-अचल सबै सम्पत्ति भोगचलन, बेचविखन आफूखुश गर्न सक्दछिन्, कोही-कसैको मन्जुरी लिई राख्नु पर्दैन ।

२. **विवाहिता श्रीमती (सधवा) अवस्था :**

विवाह पश्चात् महिलालाई पतिको सम्पत्तिमाथि अंश अधिकार प्राप्त हुन्छ । पतिले पत्नीलाई घरबाट निकाला गरिदिएमा

वा शारिरीक वा मानसिक यातना दिएमा जुनसुकै बेला पत्नीले अंश लिई भिन्न बस्न सक्छिन् । त्यसरी अंश वापत प्राप्त गरेको चल अचल सम्पत्ति भोग-चलन, बेचविखन गर्न कोही-कसैको मन्जुरी लिई राख्न पर्दैन, आफूखुश गर्न सक्दछिन् ।

३. **एकल (पतिको मृत्यु पश्चात्) महिलाको अवस्था :** श्रीमान्को मृत्यु पश्चात् महिलाले चाहेमा जहिलेसुकै पनि आफ्नो अंश लिई भिन्न बस्न सक्छिन् । त्यस्तो अंश वापत प्राप्त गरेको सम्पत्ति महिलाले जुनसुकै प्रकृयाले भोग चलन गर्न, बेचविखन गर्न, दान-दातव्य गरी दिन कोही-कसैको मन्जुरी लिईराख्नु पर्दैन, आफ्नो खुश गर्न सक्छिन् । तर निजले अर्को विवाह गरेमा यसरी अंश वापत पाएको सम्पत्ति अघिल्लो पतितर्फ छोराछोरी भए छोराछोरीले र नभए आफैंले लिएर जान पाउने छिन् ।

४. **सम्बन्ध बिच्छेदी महिलाको अवस्था :**
पतिको कारणबाट सम्बन्ध बिच्छेद हुने भएमा पत्नीले अंश लिएर सम्बन्ध बिच्छेद गर्न सक्छिन् । यसरी अंश वापत प्राप्त सम्पत्ति महिलाले अर्को विवाह गरेमा आफूसँगै लान पाउँछिन्, पहिलो श्रीमान्लाई फर्काउनु पर्दैन । यस्तो चल-अचल सबै सम्पत्ति महिलाले आफूखुशी गर्न पाउँछिन् । तर त्यस्ती महिलाले अर्को विवाह नगरेमा वा अर्को विवाह गरेको भए पनि कुनै सन्तान नभएमा निजको शेषपछि निजले पाएको त्यस्तो सम्पत्ति बाँकी रहेमा अघिल्लो श्रीमान् पट्टिका

सन्तान भए त्यस्ता सन्तानले र त्यस्ता सन्तान नभए अघिल्लो श्रीमान्ले र अन्य सम्पत्ति माईतीपट्टिका हकवालाले पाउनेछन् ।

**अंशबण्डा गर्दाका बखत कुनै महिला अंशियार गर्भवती भएमा के हुन्छ ?**

- अंशबण्डा गर्दाका बखत कुनै महिला अंशियार गर्भवती भएमा र निजले जन्माउने शिशु अंशियार हुने भएमा त्यसरी जन्मने शिशुलाई समेत समान अंशियार मानी निजको अंश भाग छुट्याएर मात्र अंशबण्डा गर्नु पर्नेछ । तर, गर्भवती महिलाबाट जिउँदो शिशु नजन्मिएमा त्यस्ता शिशुको लागि छुट्याइएको अंश अन्य अंशियारले बराबरी पाउनेछन् ।

**अंशवण्डा सम्बन्धी अन्य व्यवस्थाहरु**

- कानून बमोजिम विवाह हुन नसक्ने, विवाह भएको नमानिने वा वैवाहिक सम्बन्ध अन्त्य भएका दम्पतिबाट जन्मिएका छोराछोरीले त्यस्ता बाबु आमाबाट अंश पाउनेछन् ।
- बाबुको पहिचान नभएका छोराछोरीले आमाको सम्पत्तिबाट मात्र अंश पाउनेछन् ।
- प्रकाश नगरी बाहिर राखेका पत्नीले वा निजबाट जन्मेका छोराछोरीले पति वा बाबु मरेपछि अंशमा दाबी गर्न पाउने छैन ।
- कुनै व्यक्तिले पत्नी, छोराछोरीसँग अंशबण्डा गरी भिन्न भएपछि अर्को विवाह गरेमा वा त्यसरी विवाह गरेकी पत्नीबाट

छोराछोरी जन्मिएमा त्यस्ता पत्नी वा छोरा, छोरीले पति वा बाबुको अंश भागबाट मात्र अंश पाउनेछन् ।

- पत्नी जीवित हुने कुनै व्यक्तिले अंशबण्डा नहुँदै अर्को विवाह गरेमा अन्य अंशियारको अंश भाग छुट्याई आफूले पाउने अंश भागबाट त्यसरी विवाह गर्ने महिलालाई अंश दिनु पर्नेछ ।
- सगोलमा बसेका दाजुभाइका छोराछोरी वा पत्नीले आफ्ना बाबु वा पतिको भागबाट मात्र अंश पाउनेछन् ।
- अंश नहुँदै पति वा बाबु-आमा मरेमा निजले पाउने अंश निजका पत्नी वा छोरा, छोरीले पाउनेछन् ।
- कुनै व्यक्तिको एकभन्दा बढी पत्नीहरू भएमा निजहरूले पतिको भागबाट मात्र अंश पाउनेछन् ।

**यो पनि थाहा पाइराख्नुस् :**

- आफ्नो स्वामित्वमा रहेको सम्पत्ति कसैको माया-मोह, जालमा फसी वा करकाप वा डरधम्कीबाट प्रभावित भई सम्पत्तिको हक हस्तान्तरण नगरौं । एकपटक अरुलाई हक हस्तान्तरण गरी सकेपछि पूनः उक्त सम्पत्ति आफ्नो स्वामित्वमा ल्याउन कानूनले तपाईंलाई सहयोग गर्न सक्दैन ।
- सम्पत्तिमाथिको अधिकारले महिलाहरुलाई आर्थिक रुपमा सबल बनाउने मात्र होइन, कुनै पनि विषयमा आफ्ना निम्ति सही निर्णय लिन सक्ने आत्मबल पनि प्रदान गर्दछ ।
- सक्षम र सबल महिलाले नै आफ्नो अधिकारको सुरक्षा गर्न सक्दछन् ।



# जबर्जस्ती करणी (बलात्कार)

**जबर्जस्ती करणी भनेको के हो ?**
कुनै पनि व्यक्तिले नाबालिकाको हकमा मञ्जुरी लिई वा नलिई र उमेर पुगेका महिलाको हकमा मञ्जुरी नलिई जबर्जस्ती यौनकार्य (करणी) गरेमा त्यसलाई जबर्जस्ती करणी भनिन्छ । साधारण बोलचालको भाषामा यसलाई बलात्कार पनि भनिन्छ ।

**निम्न अवस्थाहरुमा महिलामाथि यौन सम्बन्ध राखेमा त्यसलाई जबर्जस्ती करणी भएको मानिन्छ :**

क) १८ बर्षभन्दा मुनिकी बालिकालाई निजको मञ्जुरी लिएर यौनकार्य गरेको भएतापनि त्यसलाई जबर्जस्ती करणी गरेको ठहर्छ ।

ख) महिलालाई निजको मञ्जुरी नलिई जबर्जस्ती यौनकार्य गरेमा त्यसलाई जबर्जस्ती करणी गरेको ठहर्छ ।

ग) करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी, बन्धक बनाई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन । होश ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

घ) गुदद्वार, मुखमा वा योनीमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि त्यसलाई जबर्जस्ती करणी गरेको मानिने छ ।

ङ) गुद्द्वार वा मुखमा लिङ्ग पसाएमा वा लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जबर्जस्ती करणी गरेको मानिनेछ ।

**जबर्जस्ती करणी गर्नेलाई कस्तो सजायको व्यवस्था गरिएको छ ?**

(क) दश वर्षभन्दा कम उमेरकी बालिका, पूर्ण अशक्त, अपाङ्गता भएका वा सत्तरी वर्षभन्दा बढी उमेरका महिला भए जन्म कैद

(ख) दश वर्ष वा दश वर्षभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका अठार वर्षदेखि बीस वर्षसम्म,

(ग) चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए बाह्र वर्षदेखि चौध वर्षसम्म,

(घ) सोह्र वर्ष वा सोह्र वर्षभन्दा बढी अठार वर्षभन्दा कम उमेरकी महिला भए दश वर्षदेखि बाह्र वर्षसम्म,

(ङ) अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरकी महिला भए सात वर्षदेखि दश वर्षसम्म ।

**वैवाहिक बलात्कार सम्बन्धी कसूर :**

वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई निजको मन्जुरी बेगर जबर्जस्ती यौन सम्बन्ध राखेमा गरेमा वैवाहिक बलात्कारको कसूर हुन्छ ।

**सजाय**

पतिले पत्नीलाई जबर्जस्ती करणी गरेमा ५ बर्षसम्म कैद सजाय हुन्छ ।

निम्न अवस्थामा जबर्जस्ती करणी गरेमा वैवाहिक सम्बन्ध कायम रहेको मानिने छैन, यस्तो अवस्थामा गरेको जबर्जस्ती करणी सम्बन्धी कसूरमा अन्य महिला विरुद्ध गरेको कसूर सरह सजाय हुन्छ ।

क. पतिसँग मानो छुट्टिई अंश मुद्दा चलेको ।

ख. पतिसँग अंश लिई छुट्टै बसेको ।

ग. पतिसँग सम्बन्ध बिच्छेद मुद्दा चलेको ।

**वैवाहिक बलात्कार सम्बन्धी कसुरमा अन्तरिम सरक्षणात्मक आदेश दिन मिल्छ की मिल्दैन ?**

अन्तरिम संरक्षणात्मक आदेश पीडितले निवेदन दिई माग गरेमा अदालतले यस्तो पीडित पत्नीलाई बसी आएको घर मै बस्न दिन, खानलाउन दिन, कुटपिट नगर्न तथा शिष्ट वा सभ्य व्यवहार गर्न लाउन, आवश्यक उपचार गराउन, आवश्यक देखेमा पतिलाई अलग्ग बस्न, पत्नीलाई भरण-पोषणको व्यवस्था गर्न, दुःख दिन वा सताउने कार्य नगर्न, पत्नीको हित सुरक्षाको निमित्त आवश्यक कुरा गर्न गराउन अन्तरिम आदेश दिन सक्नेछ ।

# हाडनाता करणी

आफ्नो जातिय समुदाय वा कुलमा चलिआएको चलनअनुसार विवाह गर्न हुने नाता सम्बन्धमा बाहेकका हाडनाताभित्रका व्यक्तिसँग जानीजानी करणी लिनुदिनु गरेमा त्यसलाई हाडनाता करणी भनिन्छ ।

**आफ्नो हाडनाताभित्र करणी गरेमा के-कति सजाय तथा जरिवाना हुन्छ ?**

आफ्नो जन्म दिने आमाको करणी गर्नेलाई जन्मकैदको सजाय हुन्छ ।

- आफूले जन्माएको छोरीलाई करणी गर्नेलाई जन्मकैदको सजाय हुन्छ ।
- सौतिनीआमा, सौतिनी छोरी, सहोदर दिदीबहिनी, ससुराले बुहारीलाई, बाजेले नातिनी पनातिनीलाई, जेठाजुले भाई-बुहारीलाई, देवरले भाउजूलाई करणी गरेमा ४ बर्षदेखि १० बर्षसम्म कैद र ४० हजार रुपैयाँदेखि १ लाख रुपैयाँसम्म जरिवाना हुन्छ ।
- एकै हाँगाको तीन पुस्तासम्मको बजैलाई नाति वा पनातिले करणी गरेमा, काका वा ठूलो बुबाले भतिजीलाई, भतिजाले ठूलीआमा वा काकीलाई, ससुराले भतिजी बुहारीलाई, मामाले भान्जीलाई, भान्जाले माईजुलाई, आमातर्फका ठूलीआमा वा

सानीआमालाई छोराले, सासुलाई जुवाईंले करणी गरेमा ३ बर्षदेखि ६ बर्षसम्म कैद र ३० हजार देखि ६० हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।

- माथि उल्लेखित नातादेखि बाहेक आफ्नो वंशका सात पुस्तासम्मका अन्य नातामा करणी भएमा हाँगो नाता र पुस्ता समेत विचार गरी १ बर्षदेखि ३ बर्षसम्म कैद १० हजारदेखि ३० हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।

**थप सजाय**

सामूहिक जबर्जस्ती करणी: सामूहिक जबर्जस्ती करणी गरेमा, ६ महिनाभन्दा बढीको गर्भवती, अशक्त वा अपाङ्ग वा शारिरीक वा मानसिक रुपमा अस्वस्थ महिलालाई वा हातहतियार देखाई जबर्जस्ती करणी गरेमा माथि उल्लेखित उमेर अनुसारको सजायमा थप ५ वर्ष कैद सजाय हुन्छ । तर पूर्ण अशक्तमहिला भएमा जन्म कैद हुन्छ ।

हाडनाताभित्रको जबर्जस्ती करणी: कसैले हाडनाताकी महिलालाई जबर्जस्ती करणी गरेमा उमेर अनुसार जबर्जस्ती करणीमा हुने सजाय र हाडनाता करणीमा हुने सजाय समेत गरी दुवै सजाय गरिने छ ।

एच.आई.भी. पोजेटिभ तथा यौनरोग सार्ने नियतले जबर्जस्ती करणी गरेमा : आफूलाई मानवरोग प्रतिरोधक क्षमता नष्ट गर्ने जिवाणु (एच.आई.भी. पोजेटिभ) रोग भएको थाहा पाउँदा-पाउँदै

कसैले जबर्जस्ती करणी गरेको रहेछ भने त्यस्तो कसूरदारलाई १० बर्षसम्म कैद र १ लाख रुपैयाँसम्म जरिवाना हुनेछ । त्यस्तो रोग सार्ने नियत नभई लापरवाही वा हेलचेक्राईंबाट सर्न गएको रहेछ भने ३ बर्षसम्म कैद र ३ हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

- अन्य सरुवा यौनरोग भएको थाहा पाउँदा-पाउँदै जबर्जस्ती करणी गरेमा तीन बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।
- पीडित आफैं त्यस्तो रोग लागेको व्यक्तिसँग यौन सम्पर्क गर्न गएको रहेछ भने उपरोक्त कसूर गरेको मानिने छैन ।

कैद वा थुनामा रहेकी कुनै महिला विरुद्ध भएको जबर्जस्ती करणी : कैद वा थुनामा रहेकी कुनै महिलालाई सरकारी कर्मचारीले करणी गरेमा वा करणी गर्न अरु कसैलाई संयोग पारी, मिलाई दिई करणी गराएमा ३ वर्ष कैद वा अन्य कानून अनुसार पनि सजाय हुने रहेछ भने सो सजाय समेत थप हुनेछ ।

आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्ति विरुद्ध भएको जबर्जस्ती करणी : आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्तिलाई त्यसरी संरक्षण दिने वा हेरविचार गर्ने व्यक्तिले करणी गरेमा वा करणी गर्न अरुलाई सहयोग गरेमा वा होश ठेगानमा नरहेकी वा शारीरिक वा मानसिक रोग लागी उपचार वा पुर्नस्थापना गर्न राखिएकी कुनै महिलालाई त्यस्तो उपचार वा पुर्नस्थापना गर्ने संस्थाका पदाधिकारी वा कर्मचारीले करणी गरेमा, ३ वर्ष कैद वा अन्य कानून अनुसार पनि सजाय हुने रहेछ भने सो सजाय समेत थप हुनेछ ।

सेवाग्राही विरुद्ध भएको जबर्जस्ती करणी : सरकारी वा निजी कार्यालयमा कार्यरत वा कुनै पेशागत सेवा वा व्यवसायिक कामको लागी आएको सेवाग्राहीसँग सो कार्यालयको कर्मचारीले कार्यालयको काम गर्दा वा त्यस्तो सेवा उपलब्ध गराउँदा वा गराउने स्थानमा करणी गर्न वा करणी गर्न अरुलाई सहयोग गर्न सहयोग गरेमा चार बर्षसम्म कैद र चालिस हजार रुपैयाँसम्म जरिवाना हुनेछ र अन्य कानून अनुसार पनि सजाय हुने रहेछ भने सो सजाय समेत थप हुनेछ ।

यौन दुर्व्यहार सम्बन्धी कसूर : आफ्नो पति-पत्नी बाहेक अन्य व्यक्तिलाई निजको मन्जूरीबिना करणीको आशयले समातेमा वा निजको संवेदनशील अंग छोएमा वा छुन प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा निजले लगाउने भित्री पोशाक लगाउन वा फुकाल्न कुनै किसिमले बाधा गरेमा, निजलाई अस्वभाविक रुपमा कुनै एकान्त ठाउँमा लगेमा, यौन सम्बन्धी आफ्नो अंग छुन, समाउन लगाएमा, निजसँग अश्लील वा अन्य त्यस्तै प्रकारको शब्द मौखिक, लिखित वा सांकेतिक रुपमा वा विद्युतिय माध्यमबाट प्रयोग गरेमा, अश्लील चित्र वा तस्वीर देखाएमा, यौनका आशयले जिस्क्याएमा वा हैरानी दिएमा वा निजसँग अस्वभाविक अवान्छित वा अमर्यादित व्यवहार गरेमा यौन दुर्व्यवहारको कसूर गरेको मानिन्छ। यस्तो कसूर गर्ने व्यक्तिलाई तीन बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।



# यौन सम्बन्धी अन्य कसूरहरु

बाल यौन दुरुपयोग : कसैले करणी गर्ने उद्देश्यले अस्वभाविक रुपमा एकान्तमा लगेमा, यौन सम्बन्धी अंग छुने समाउने गरेमा वा आफ्नो यौन सम्बन्धी अंग छुन समाउन लगाएमा वा अन्य अस्वभाविक यौनजन्य व्यवहार गरेमा बाल यौन दुरुपयोग कसूर गरेको मानिन्छ । यस्तो कसूर गर्ने व्यक्तिलाई तीन बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।

अप्राकृतिक मैथुन सम्बन्धी कसूर : कसैले कसैको मन्जूरीबिना अप्राकृतिक मैथुन गरे वा गराएमा यस्तो कसूर गर्ने व्यक्तिलाई तीन बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।

**जबर्जस्ती करणी गर्ने व्यक्तिलाई पीडित महिलाले मारेमा के हुन्छ ?**

प्रत्येक व्यक्तिलाई आफ्नो तथा अरु कसैको जिउ-ज्यान वा सम्पत्तिलाई कुनै गैरकानुनी क्षतिबाट बचाउनको लागि तत्काल कुनै काम नगरेमा बचाउन सकिंदैन भन्ने मनासिब कारण स्वरुप केही गर्दा भए गरेको कुनै काम कसूर मानिने छैन । यदि कुनै पनि महिलाले आफू माथि जबर्जस्ती करणी हुने सम्मको ठूलो डर त्रास परी करणी नहुँदै वा उसै बखत केही गर्दा निज करणी गर्ने मान्छेलाई मरेमा ती महिलालाई सजाय हुँदैन ।

**अदालती कार्यवाही सम्बन्धमा कानूनले विशेष व्यवस्था गरेकोछ :–**

(क) यौन सम्बन्धी अपराधमा बन्द इजलासको व्यवस्था :–

यौनसँग सम्बन्धित अपराधको मुद्दाको सुनुवाईमा मुद्दासँग सम्बन्धित कानून व्यवसायी, अभियुक्त, पीडित र निजको संरक्षक, अड्डाले अनुमति दिएको प्रहरी र अदालतका सम्बन्धित कर्मचारी मात्र मुद्दाको कारवाही भइरहेको इजलासमा उपस्थित हुन सक्दछन् ।

(ख) पीडितको बयानमा विशेष व्यवस्था :–

जबर्जस्ती करणी मुद्दामा पीडितको बयान गराउँदा महिला कर्मचारी नभएमा समाजसेवी महिलाको रोहवरमा अन्य कर्मचारीले बयान गराउनु पर्दछ ।

**जबर्जस्ती करणीमा कहाँ उजुरी गर्नुपर्दछ ?**

यदि कसैलाई जबर्जस्ती करणी (बलात्कार) भएमा जबर्जस्ती करणी हुनासाथ वा भएको थाहा पाउनासाथ तुरुन्तै नजिकैको प्रहरी चौकीमा लिखित वा मौखिक उजुरी थाहा पाउने जो-सुकैले पनि गर्न सक्छ ।

**जबर्जस्ती करणीमा कहिले उजुरी गर्नुपर्दछ ? (हदम्याद)**

सकेसम्म तुरुन्तै उजुरी गर्नुपर्दछ, नभएमा जबर्जस्ती करणी भएको १ बर्षभित्रमा उजुरी दिइसक्नु पर्दछ तर थुनामा रहेको तथा बन्धक बनाएको अवस्थामा भने मुक्ति पाएको मितिले तीन महिनाभित्र उजुरी गर्नुपर्ने छ । नत्रभने उजुरी लाग्दैन । हाडनाता करणीको हकमा भने जहिलेसुकै पनि उजुर लाग्न सक्नेछ ।

**जबर्जस्ती करणीमा कसले उजुरी गर्न सक्दछ ?**

जबर्जस्ती करणीमा पीडित आफैंले वा पीडितको परिवार, आफन्त वा जोसुकैले उजुरी दिन सक्दछ ।

**जबर्जस्ती करणी भएमा तुरुन्तै के गर्नुपर्दछ ?**

- बलात्कार हुँदा लगाएको लुगा, कट्टु र यौन अंग नधुने, धोएमा प्रमाणहरु नष्ट हुन्छन् । उक्त कपडाहरु खोलेर सुरक्षित राख्ने ।
- तुरुन्तै नजिकको प्रहरी चौकी, महिला तथा बालबालिका सेवा केन्द्रमा गएर लिखित वा मौखिक जाहेरी दरखास्त दिने ।
- प्रहरीलाई लिएर तुरुन्तै शारीरिक परीक्षणका निम्ति अस्पताल जाने, जबर्जस्ती करणी हुँदा लगाएका कपडा समेत जाँच गराउने, बलात्कारमा डाक्टरको रिपोर्ट महत्वपूर्ण हुन्छ ।

**जबर्जस्तीबाट बच्नका लागी के-कस्ता सावधानीहरु अपनाउनु पर्दछ?**

- अति घनिष्ठ पुरुषसँगको मैत्री सम्बन्धबाट होशियार रहनुहोस् ।
- आफ्नो व्यक्तिगत विवरण जस्तैः नाम, ठेगाना, फोन नं फेसबुक जस्ता समाजिक संजाल मार्फत् नखोल्नुहोस् ।
- अपरिचित व्यक्तिहरुसँग आफ्नो व्यक्तिगत विवरण दिएर अनावश्यक कुरा नगर्नुहोस् ।
- अन्धकारमय क्षेत्रमा हिंड्दा होशियार भई हिंड्नोस्, सकेसम्म एक्लै नहिंड्नोस् ।
- जोसुकैले दिएको खानेकुरा नखानोस् वा पेय पदार्थ नपिउनोस् र उपहार नलिनोस् ।
- पुरुष साथीले घुम्न जाऊँ भन्दैमा जतातते एक्लै घुम्न नजानोस् ।
- आफू कहिं जाँदा वा बाहिर घुम्न जाँदा परिवारलाई जानकारी दिएर मात्र जानुहोस् ।
- शिक्षकहरुलाई तथा अन्य व्यक्तिलाई पनि शरीरका अंगहरु छुन समाउन नदिनुहोस् ।
- बालबालिकालाई उनीहरुका यौन अंगहरुको बारेमा, राम्रो मनसायले गरीएको स्पर्श र नराम्रो मनसायले गरिएको स्पर्शको सम्बन्धमा जानकारी दिलाउनुहोस् ।
- बालबालिकालाई खुलेर बोल्ने वातावरण दिनुहोस् र उनीहरुको कुरालाई ध्यानपूर्वक सुनिदिनुहोस् ।

**यो पनि थाहापाई राख्नुहोस्:**

- धेरैजसो बालबालिका र किशोर-किशोरीहरुमाथि यौन शोषण गर्ने व्यक्ति प्राय: आफ्नै नजिक सम्बन्धका व्यक्तिहरु हुने गर्छन् ।
- आफूमाथि कसैले यौन शोषण गरिरहेको छ भने त्यो कुरा लुकाउनु हुँदैन । आफ्नो विश्वासका साथी अथवा अभिभावकलाई भनिहाल्नु पर्दछ ।
- कसैले बलात्कार गर्न लागेमा कराएर, हल्ला गरेर अरुको ध्यान आकर्षण गरिहाल्नु पर्दछ ।
- बलात्कारबाट पीडित महिलालाई पूनर्स्थापना गर्न, बलात्कारीलाई सजाय दिन र पीडितलाई न्याय दिलाउन सहयोग गरौं । ■

# छाउपडी

महिला रजस्वला वा सुत्केरी अवस्थामा छाउपडीमा राख्न वा यस्तैअन्य कुनैकिसिमकोभेदभाव छुवाछुत वा अमानविय व्यवहार गर्नगराउनुहुँदैन ।

**सजायँ**

यस्तोकसुर गर्नेव्यक्तिलाईतीन महिना सम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजायँ हुनेछ । कुनै राष्ट्रसेवकले योकसूर गरेमा निजलाई थप तीन महिनासम्म कैदको सजायँ हुनेछ । क्षतिपुर्ति पिडीतलाई पुगेकोपिडा वा क्षति वापत मनासिक माफिकको क्षतिपुर्ति भराईदिनॅ पर्ने ।

**हदम्याद**

छाउपडी सम्बन्धि कसूर भए गरेको मितिले ६ महिना भित्र उजूर गर्नेछ । ■



# गाली बेइज्जती

## गाली

कसैलेकसैलाई होच्याउने नियतले वोली वा वचनले अपमानजनक शब्द प्रयोग गरेमा निजलेगाली गरेको मानिन्छ ।

## सजायँ

यस्तोकसूर गर्ने व्यक्तिलाई १ बर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजायँ हुन्छ ।

## बेइज्जती

अरुको ईज्जतमा धक्का पुर्‍याउने नियतलेवा धक्का पुग्नसक्छ भन्ने जानजानी वा विश्वास गर्नेमनासिव कारण भईलेखेर, आचरण, चिन्ह वा जुनसुकैतवरलेत्यस्तोव्यक्तिलाईअरुकोदृष्टीमा निजको

चरित्र, आचरण नैतिकता वा ख्यातिलाईहोच्याउने गरि चरित्रहत्या गरेमा दोष लगाएमा वा प्रचारप्रसार, प्रकासन गरेमा कसैको वेईज्जति हुनेचिज जान जानी बिक्री वितरण गरिएमा, ब्यंग गरी वा घुमाउरोतवरलेकुनैआक्षेप लगाएमा बेइज्जती गरेकोमानिन्छ ।

## सजायँ

यस्तोकसूर गर्नेव्यक्तिलाई२ बर्षसम्म कैद र २० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजायँ हुनेछ ।

विद्युतिय वा आम सञ्चार माध्यमवाट बेईज्जति गरेगराएमा थप १ बर्षकैद र दश हजार जरिवाना हुनेछ ।

## क्षतिपुर्ति

कसैले कसैको बेईज्जति गरेको ठहरिएमा कसूरको गाम्भिर्यता, व्यक्तिको प्रतिष्ठामा पर्नगएको असर समेतलाईविचार गरी मनासिब क्षतिपुर्तिर मुद्धामा लागेकोखर्चसमेत भराउनुपर्छ। उजुरी लाग्नेनिकाय गाली बेइज्जती भएमा जिल्ला अदालतमा फिराद दिनुपर्दछ ।

## हदम्याद

यो ऐन अन्तर्गत कसूर भएको कुरा थाहा भएको मितिले मितिले ३ महिनाभित्र नालिस दिनुपर्दछ । ■

# विवाहमा लेनदेन (दाईजोतिलक) विरुद्धको व्यवस्था

आफ्नो परम्परा देखी चलि आएकोसामान्य उपहार, भेटी, दक्षिण वा शशिरमा लगाएकोएकसरोगहना बाहेक विवाह गर्ने दलाहा वा दुलहीकोतर्फबाट कुनैकिसीमकोचल, अचल, दाईजोवा कुनैसम्पत्ति माग गरि वा लेनदेन शर्तराखी विवाह गर्नगराउन हुँदैन ।

**सजायँ**

यस्तो कसूर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना वा दुवैसजायँ हुनेछ । सम्पत्ति लिएको भए फिर्ता गर्नु पर्ने छ । कसैलेविवाह गरिसकेपछि चल, अचल सम्पत्ति वा दाईजोमाग गर्नेवा त्यस्तोचल अचल सम्पत्ति वा दाईजो नदिएकोकारणलेदुलही वा निजको नातेदारलाई कुनै किसीमले हैरान पार्ने, सताउनेवा अपमानजन्य व्यवहार गर्नुहुँदैन ।

यस्तोकसूर गर्नेव्यक्तिलाई ५ बर्षसम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवैसजायँहुनेछ । सम्पत्ति लिएको भए फिर्तागर्नुपर्नेछ ।

**हदम्याद**

थाहा पाएको मितिले ३ महिना भित्र उजूरी दिनुपर्नेछ । ■

# तेजाव फ्याल्ने कसूर सम्बन्धि कानून

**तेजाव वा अन्य रासायनिक जैविक वा बिषालु पर्दाथद्वारा आक्रमण सम्बन्धी कसूर**

कसैले कसैलाई तेजाव वा यस्तै प्रकारका अन्य रासायनिक जैविक वा बिषालु पर्दाथ प्रयोग गरी वा छर्किइ वा यस्तो पदार्थले पोली डामी, दली, घसि जीउमा पिडा गराउने वा अनुहार वा शरिरको कुनै अंग कुरुप पार्ने काम गर्नु वा गराउनु हुँदैन। यस्तो काम अपराध हो।

**तेजाव वा अन्य रासायनिक जैविक वा बिषालु पर्दाथद्वारा आक्रमण गरेमा दण्ड सजायँ**

- तेजाव वा अन्य रासायनिक जैविक वा बिषालु पर्दाथद्वारा आक्रमण गरी कसुर गर्ने व्यक्तिलाई कसुरको प्रकृति हेरी अनुहार कुरुप पारेमा पाँच बर्षदेखी आठ बर्षसम्म कैद र एकलाख रुपैंयादेखी पाँचलाख रुपैयाँसम्म जरिवाना हुन्छ।
- शरिरको अन्य अंश कुरुप पारेमा वा शरिरमा पिडा पुऱ्याएमा तीन बर्षदेखी पाँच बर्षसम्म कैद र पचास हजार रुपैयादेखी ३ लाख रुपैंयासम्म जरिवाना हुन्छ।
- तेजाव वा अन्य रासायनिक जैविक वा बिषालु पर्दाथद्वारा आक्रमण गरेमा क्षतिपुर्ति
- जरिवाना बापत प्राप्त पुरै रकम पीडितलाई क्षतिपूर्ति बापत दिनु पर्नेछ।
- तेजाव वा अन्य रासायनिक जैविक वा बिषालु पर्दाथद्वारा आक्रमण गरेमा उजुर गर्ने हदम्याद
- यस्तो कसुर भए गरेको मितिले एक बर्षभित्र उजुर गरिसक्नु पर्नेछ।

**घरेलु सम्बन्ध भएका ब्यक्तिलाई तेजाव वा अन्य रासायनिक जैविक वा बिषालु पर्दाथद्वारा आक्रमण**

घरेलु सम्बन्धमा एसिड आक्रमण भएमा तेजाव वा यस्तै प्रकारका अन्य पर्दाथ छर्किइ वा सो पदार्थले पोली, डामी, दली घसी जीउमा पिडा गराउने वा अनुहार वा शरिरको कुनै अंग कुरुप पारिदिने वा यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्यलाई शारीरिक यातनामा समेटिएको छ । यो अपराध भएकोले त्यस्तो ब्यक्तिलाई सजाय हुन्छ ।

**घरेलु सम्बन्ध भएका ब्यक्तिलाई तेजाव वा अन्य रासायनिक जैविक वा बिषालु पर्दाथद्वारा आक्रमण गरेमा के गर्नु पर्छ ?**

तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पिडा गराउने वा अनुहारमा वा शरिरको कुनै अंश कुरुप पारी दिने गरी भएको शारीरिक यातनामा नजिकको प्रहरी कार्यालयमा जाहेरी दरखास्त दिन सकिनेछ ।

**घरेलु सम्बन्ध भएका ब्यक्तिलाई तेजाव वा अन्य रासायनिक जैविक वा बिषालु पर्दाथद्वारा आक्रमण गरेर जाहेरी दिए पछि के हुन्छ ?**

जाहेरी परेपछि प्रहरी कार्यालयद्वारा अनुसन्धान तहकिकात गरी प्रचलित कानुनबमोजिम मुद्दा दायर हुन्छ र सरकारी वकिलले मुद्दाको प्रतिरक्षा गर्दछन ।

**घरेलु सम्बन्ध भएका ब्यक्तिलाई तेजाव वा अन्य रासायनिक जैविक वा बिषालु पर्दाथद्वारा आक्रमण गरेमा सजाय कति हुन्छ ?**

तेजाव वा यस्तै प्रकारको अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली,

डामी, दली, घसी जीउमा पिडा गराउने वा अनुहार वा शरिरको कुनै अंश कुरुप पारि दिने गरी भएको शारीरिक यातनाको कसुर गरेमा त्यस्तो व्यक्तिलाई एक लाखदेखी तीनलाख (१,००,००० देखि ३,००,०००।-) रुपैँयासम्म जरिवाना र एक बर्षदेखि आठ बर्षसम्म कैदको सजायँ हुनेछ ।

**घरेलु सम्बन्ध भएका व्यक्तिलाई तेजाव वा अन्य रासायनिक जैविक वा बिषालु पर्दाथद्वारा आक्रमण गरेमा उजुरीको हदम्याद कति हुन्छ ?**

यस्तो कसुर भए गरेको मितिले ९० दिन भित्र उजुर गरिसक्नु पर्नेछ ।

## अपमानजनक वा अमानविय व्यवहार सम्बन्धि कसूर

- बोक्सा वा बोक्सीकोआरोप लगाउने, वा
- बोक्सा वा बोक्सीकोआरोप लगाईबसोबास गरेकोठाउँबाट निकाला गर्ने,
- सामाजिक वहिष्कार गर्ने, वा
- अन्य जुनसुकैकाम गरी क्रुर, अमानविय वा अपमानजन्य व्यवहार गर्ने ।

**सजायँ:**

यस्तोकसूर गर्नेव्यक्तिलाई५ बर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवाना हनेछ ।

# बोक्सीको आरोप विरुद्धको कसूर

**बोक्सीको आरोप सम्बन्धी कसुर भनेर बोक्सीको आरोप (कसुर र सजाय) ऐन २०७२ ले केलाई भनेको छ ?**

कुनै व्यक्तिलाई बोक्सा बोक्सी वा अन्य यस्तै खाले शब्द प्रयोग गरी गाली बेईज्जत गर्ने लान्छना लगाउने, आरोप लागेको व्यक्तिको परिवारका अन्य सदस्यप्रति अपमानजनक ब्यबहार गर्ने, सामाजिक बहिस्कार गर्ने, बसोबास गरेको ठाउँबाट निकाला गर्ने, धामी झाँकी टुना मुना, तन्त्रमन्त्र, झारफुक वा अन्य कुनै माध्यमद्वारा आरोप लगाउने, कुटपिट, अंगभंग गर्ने, खोप्ने, डाम्ने, पोल्ने, वा रासायनिक, विषालु वा जैविक पदार्थ प्रयोग गरी शारिरीक यातना दिने, मलमुत्र खुवाउँने, चारपाटा मुड्ने, नग्न पारी वा नपारी कुनै ठाउँ घुमाउँने वा अन्य क्रुर अमानविय वा अपमानजनक ब्यबहार गर्ने, निजको सम्पत्ति तोडफोड हिनामिना वा हानि नोक्सानी गर्ने र यस्ता कार्य गर्न प्रयास गर्ने तथा यस्ता कार्य गर्न उत्प्रेरणा र सहयोग गर्नु, बोक्सी लगाउँने कार्यलाई मद्दत पुग्ने उदेश्यले कुनै भेला गरे वा गराउनु बोक्सीको आरोप सम्बन्धी कसुर हो ।

**कसैले बोक्सीको आरोप सम्बन्धी कसुर गरेमा के गर्ने ? कहाँ सुचना गर्ने ? कसले कसरी कहिले सुचना गर्ने ?**

कुनै ठाउँमा बोक्सीको आरोप सम्बन्धी कसूर भएको, भइरहेको वा हुन लागेको थाहा पाउँने वित्तिकै उक्त कुरा थाहा पाउँने जुनसुकै व्यक्तिले सम्पुर्ण घटनाको सिलसिलेबार विवरण खुलाई जतिसक्यो

छिटो लिखित रुपमा जाहेरी दरखास्त सहित तथा लिखित जाहेरी तत्काल दिन नसके मौखिक रुपमा नजिकको प्रहरी कार्यालयमा सुचना दिनु पर्दछ ।

**प्रहरी कार्यलयमा सुचना कति दिनको हदम्याद भित्र दिई सक्नुपर्छ ?**

बोक्सीको आरोप सम्बन्धी कसुर भए गरेको मितिले नब्बे दिनभित्र जाहेरी वा सुचना दिईसक्नु पर्दछ । कानूनले तोकेको हदम्याद भित्र जाहेरी वा सुचना दिएन भने पीडितलाई कानून बमोजिमको न्याय दिलाउँन र पीडकलाई कारबाही गर्न सकीदैन ।

**प्रहरी कार्यलयमा सुचना दिएपछी के के प्रकृया हुन्छ त ?**

यसरी पर्न आएको जाहेरी दरखास्त लिखित भए तुरन्तै र मौखिक सुचना दिएकोमा प्रहरी कार्यालयले निजको कुरा दरखास्तको रुपमा लेखि सहछ्रिाप गराएर दर्ता गर्दछ । यसरी जाहेरी दर्खास्त वा सुचना प्राप्त गरेपछी प्रहरीले चौविस घण्टाभित्र पिडकलाई झिकाई वा पक्राउ गरी अनुसन्धान तथा तहकिकात गर्दछ । यसरी प्रहरीले अनुसन्धान तथा तहकिकात गर्दा पर्चा खडा गरी पिडकलाई पक्राउ गर्न र आवश्यक खानतलासि लिन , कसुर संग सम्बन्धित घर जग्गा वा स्थानमा प्रवेश गर्न, उक्त स्थानमा बरामद भएका दशी प्रमाण आफ्नो कब्जामा राख्न, कसैले पक्राउ तथा खानतलासि गर्न बाधा विरोध गरेमा आवश्यकता अनुसार झ्याल ढोका खोलि वा फोरी आवश्यक कारबाही गर्न सक्छ । यदि महिलालाई पक्राउ गर्नुपर्ने भएमा महिला प्रहरीले गर्दछ र महिला प्रहरी नभएमा अन्य

कुनै महिलाको सहयोगमा पक्राउ गर्दछ र अनुसन्धान पुरा भएपछी अनुसन्धानको प्रतिबेदन सहित सरकारी वकिल कार्यलयमा पठाउँदछ । यसरी प्रहरि प्रतिवेदनको आधारमा सरकारी वकिलले मुद्धाको अभियोजन गर्दछ र सरकारी वकिल कार्यालयमार्फत अदालतमा मुद्धा दायर हुन्छ ।

## जाहेरी दिएपछी पिडितलाई के राहत हुन्छ त ?

प्रहरीमा जाहेरी वा सुचना दिएपछी कुनै पीडित शारिरीक वा मानसिक रुपमा अशक्त वा अस्वस्थ भएको देखिएमा निजलाई प्रहरी कार्यालय मार्फत नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लगी उपचार गराउँदछ । यदि पीडितलाई कुनै शारिरीक चोटपटक लागेको देखीए पीडितको उपचारमा संलग्न चिकित्सकबाट निजको घा जाँच वा परीक्षण गराउँछ । यदि पीडितलाई मानसिक चोट लागेको भएमा तत्काल मनोविमर्श सेवा उपलब्ध गराउँन आवश्यक भए प्रहरी कार्यालयले सम्बन्धित विज्ञद्वारा निजलाई मनोविमर्श सेवा उपलब्ध गराउने ब्यबस्था गर्दछ ।

## जाहेरी दिएपछी प्रहरीले पिडित र निजको परिवारलाई सुरक्षा दिन्छ त ?

जाहेरी वा सुचना उपर प्रारम्भीक रुपमा छानविन गर्दा पीडित, निजको परिवारको कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई शुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरी कार्यालयले तत्काल सुरक्षाको ब्यबस्था गर्दछ ।

## अदालतमा मुद्धा दायर भएपछीको कानूनी प्रकृया कस्तो हुन्छ ?

अदालतमा मुद्धा दायर भएपछी तत्कालै उपस्थित जिल्ला न्यायधिसको इजलासमा आरोपितको बयान लिईन्छ । त्यसपछी तत्काल कुनै प्रमाणले आरोपितलाई थुनामा राखेर कारबाहि गर्नुपर्ने अवस्था देखीन्छ भने निजलाई हाल थुनामा राखेर थप प्रमाण बुझ्न जिल्ला न्यायधिसले आदेश गर्न सक्छ यदि तत्काल प्राप्त प्रमाणले आरोपितलाई कसुरदार हो भन्ने देखिदैन भने धरौटी वा साधारण तारेखमा राखेर कारवाहि गर्न अदेश दिन सक्छ । यसरी थुनामा राखेर कारबाही गरीपाउँ भनी पीडितको पक्षबाट सरकारी वकिल र आरोपितको तर्फबाट निजको कानून ब्यबसायिले प्रतिरक्षा गर्दछन् । यदि पीडितले सरकारी वकिल बाहेक आफ्नो प्रतिरक्षाका लागी छुट्टै वकिल राख्न चाहेमा राख्न पाउँदछ । यसैगरी पीडितले चाहेमा मुद्धाको सुनुवाई बन्द इजलासबाट गरीन्छ ।

## अदालतले मुद्धा दायर भएपछी फैसला अगाडी पीडितलाइ राहत हुने गरी कुनै आदेश गर्न सक्छ ?

सरकारी वकिलले मुद्धाको अभियोजन गर्दा पीडितलाई तत्काल यो यो विषयमा अन्तरिम संरक्षणको आवश्यकता छ भनी माग गरेको अवस्थामा अदालतले यस ऐन बमोजिम मुद्धाको कारबाहीको क्रममा पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखेमा मुद्धाको अन्तिम निर्णय नभएसम्मको लागि पीडकका नाउँमा पीडित बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउँन दिन, कुटपिट

नगर्न शिष्ट र सभ्य व्यवहार गर्न, पीडितलाई शारिरीक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउँन वा उपचारका लागि उपयुक्त रकम दिन, गाली बेइज्जती गर्ने धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न नगराउँन, पीडित बसोबास गरेको ठाँउ, बाटेघाटो वा कार्यालयमा गई, कुनै किसिमको सञ्चार माध्यमद्वारा वा अन्य कुनै प्रकारले दुःख दिने सताउँने कार्य नगर्न तथा पीडितको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपयुक्त कार्य गर्न वा गराउँन पीडकको नाउँमा आदेश गर्न सक्छ ।

**पीडितको उपचार खर्च कसले बहन गर्दछ ? पिडीतलाई सुरक्षाको लागी तथा स्वास्थ्य उपचारको लागी बस्न कस्तो ब्यबस्था छ ?**

पीडित शारिरीक वा मानसिक रुपमा अशक्त भएको कारणले अस्पताल वा स्वास्थ्य केन्द्रमा उपचार गराउनु परेमा निजलाई उपचार गराउँदा लागेको र कुरुवा राख्दा भएको सम्पुर्ण खर्च पीडकले व्यहोर्नु पर्छ । तर पीडकको आर्थिक अवस्था कमजोर भएको कारण पीडकले त्यस्तो उपचार खर्च तथा कुरुवा खर्च व्यहोर्न नसकी पीडित आफैले वा प्रहरी कार्यलयबाट त्यस्तो रकम खर्च गरेको भए पीडित वा प्रहरी कार्यालयले त्यस्तो रकम प्रचलित कानून बमोजिम स्थापना भएको लैङगिक हिंसा निवारण कोषबाट सोधभर्ना लिन सक्नेछ । यदि पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्था गर्नु पर्ने

भएमा प्रहरी कार्यालयले निजलाई नजिकको सेवा केन्द्रमा राख्ने व्यवस्था छ ।

**बोक्सीको आरोप सम्बन्धी कसुर गर्ने व्यक्तिलाई कस्तो सजाय हुन्छ ?**

*बोक्सीको आरोप सम्बन्धी कसुर गर्ने व्यक्तिलाई कसुरको मात्रा हेरी निम्न बमोजिम सजाय हुन्छ :*

- बोक्सीको आरोप लगाएकोमा छ महिनादेखी दुई वर्ष सम्म कैद र पाँच हजार देखी बीस हजार रुपैयासम्म जरिवाना हुन्छ ।
- बोक्सीको आरोपमा गाली बेईज्जत गरेमा र बोक्सीको आरोप लागेको ब्यक्तिको परिवारको कुनै सदस्यलाई अपमानजनक ब्यबहार गरेमा एक वर्षदेखी तीन वर्षसम्म कैद र दश हजारदेखी तीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।
- बोक्सीको आरोपमा सामाजिक वहिस्कार गर्ने र बसोबास गरेको ठाउँबाट निकाला गरेमा दुई देखी पाँच वर्षसम्म कैद र बीस हजारदेखी पचास हजार रुपैंयासम्म जरिवाना हुन्छ ।
- धामी, झाँक्री, टुनामुना, तन्त्रमन्त्र, झारफुक वा यस्तै अन्य कुनै माध्यमद्वारा बोक्सीको आरोप लगाएमा तीन वर्षदेखी सात बर्षसम्म कैद र तीस हजारदेखी पचहत्तर हजार रुपैंयासम्म जरिवाना हुन्छ ।
- बोक्सीको आरोपमा कुनै व्यक्तिलाई कुटपिट गर्ने, खोप्ने, डाम्ने, पोल्ने वा रासायनिक, विषलु वा जैविक पदार्थ प्रयोग गरी वा अन्य कुनै किसिमले यातना दिने, मलमुत्र खुवाउने,

चरपाटा मुड्ने, नग्न पारी वा नपारी कुनै ठाँउमा घुमाउने वा कुनै किसिमले क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गरेमा पाँच वर्षदेखी आठ वर्षसम्म कैद र पचास हजारदेखी एकलाख रुपैंयाँसम्म जरिवाना हुन्छ ।

- बोक्सीको आरोपमा अंगभंग गरेमा प्रचलित कानून बमोजिमको सजायमा थप दश प्रतिशत सजाय हुन्छ।
- बोक्सीको आरोप सम्बन्धी कसुर हुने कुनै कार्य गर्न कोशिस गर्ने , त्यस्तो कार्य गर्न कसैलाई उक्साउने वा त्यस्ता कार्य गर्न मद्दत गर्ने ब्यक्तिलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुन्छ । बोक्सीको आरोप सम्बन्धी कसुर हुने कुनै कार्य गर्ने वा बोक्सीको आरोप लगाउँने कार्यलाई मद्दत पुग्ने उदेश्यले कुनै भेला गरे वा गराएमा छ महिनादेखी दुई बर्षसम्म कैद र पाँच हजारदेखी बीस हजार रुपैयाँसम्म जरीवाना हुनेछ ।
- एक पटक बोक्सीको आरोप सम्बन्धी कसुरमा सजाय पाईसकेको ब्यक्तिले पुन: सोही कसुर गरेमा पटकै पिच्छे दोब्बर सजाय हुनेछ ।
- कसैले आफ्नो संरक्षण वा अभिभावकत्वमा रहेको व्यक्ति विरुद्ध बोक्सीको आरोप सम्बन्धी कसुर गरेमा सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले बोक्सीको आरोप सम्बन्धी कसुर गरेमा त्यस्तो व्यक्तिलाई माथि उल्लेखीत सजायमा पच्चिस प्रतिसत थप सजाय हुन्छ। तर कुनै ब्यक्तिलाई बोक्सीको आरोप सम्बन्धी कसुरमा एकपटकमा

पन्ध्र बर्ष भन्दा बढी सजाय हुदैन ।

- कसैले बोक्सी सम्बन्धी आरोपमा कसैको सम्पत्ति तोडफोड, हिनामिना वा हानी नोक्सानी गरी क्षती पुर्याएमा ऐन बमोजिको सजाय गरी सो क्षती बराबरको रकम समेत त्यस्तो व्यक्तिबाट पीडितलाई भराई दिनुपर्नेछ ।
- कसैले अदालतले दिएको अन्तरिम आदेश पालन नगरेमा वा अनुसन्धान तथा तहकिकात सम्बन्धी काम कारबाहीमा बाधा विरोध गरेमा निजलाई तीस हजारदेखी पचास हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनादेखी नौ महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

**यस्तो कसूरमा क्षतिपुर्ति सम्बन्धी कस्तो ब्यबस्था गरीएको छ ?**
अदालतले यस ऐन बमोजिम मुद्धाको फैसला गर्दा बोक्सीको आरोप सम्बन्धी कसुरको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडकको आर्थिक हैसियत समेतलाई विचार गरी पीडकबाट पीडितलाई मनासिब क्षतीपुर्ति भराई दिन्छ । यदि पीडकको आर्थिक अवस्था कमजोर भएको कारण पीडकले त्यस्तो क्षतिपुर्ति उपलब्ध गराउन नसक्ने कुरा अदालतलाई लागेमा अदालतले उपयुक्त ठहर्याए बमोजिमको रकम सम्बन्धित स्थानिय तहले भराउँन आदेश दिने र स्थानिय तहले साठि दिन भित्र उपलब्ध गराउँनु पर्ने ब्यबस्था छ । यदि क्षतिपुर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम निजको नावालक छोरा छोरी, त्यस्ता छोराछोरी नभएमा पति पत्नी र निजहरु पनि नभएमा निजका आश्रीत बाबु आमाले दावी गर्न पाउँदछन् । ■

संस्थागत सुधार मार्फत
न्यायमा पहुँच अभिवृद्धि परियोजना

Empowered lives.
Resilient nations

Legal Aid & Consultancy Centre (LACC)